# उत्कृष्ट उद्यमी सम्मान गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८२।०७।२७**

यस कार्यालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुर्याएका उद्यमीलाई प्रोत्साहन गर्ने, देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशिलताको विकास गर्न प्रोत्साहन गर्न,उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल र प्रतिष्पर्धी बन्न अभिप्रेरित गर्ने, योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने र उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने उदेश्यसहित उत्कृष्ट उद्यमी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ को परिच्छेद-६ बमोजिम छनौट गरी सम्मान गर्ने कार्यक्रम रहेको हुँदा तपसिल बमोजिम योग्यता पुगेका उद्योगी, व्यवसायीहरुले यस कार्यालयमा उपस्थित भई वा यस कार्यालयको इमेल ठेगाना nawalparasi.csio@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल:**

| सि.नं. | कार्यक्रमको नाम |
|---|---|
| १ | स्वीकृत कार्यविधिका आधारमा जिल्लाभित्रका उत्कृष्ट उद्यमी सम्मान तथा प्रोत्साहन पुरस्कार |

**पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता:**

उद्यमीले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः

- ✓ प्रदेशमा स्थायी बसोवास भई नवलपरासी (ब.सु.प.) जिल्ला भित्र उद्यम गरिरहेको नेपाली नागरिक,
- ✓ उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,
- ✓ विगत २ वर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको,
- ✓ नियमितरुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको,
- ✓ पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायवाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको ।

**पेश गर्नुपर्ने कागजातहरु:**

उद्यमीले देहाय वमोजिमका कागजात पेश गर्नुपर्नेछः

- ✓ कार्यविधिको अनुसूचि -१० बमोजिमको आवेदन,
- ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- ✓ उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
- ✓ पछिल्लो वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- ✓ पछिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदन,
- ✓ PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- ✓ लक्षित वर्ग समूह खुल्ने निस्सा,
- ✓ पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायवाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको दफा ३२ (ङ) बमोजिमको स्वघोषणापत्र,

**पुनश्च: -**

अनुसूचि तथा आवेदनको ढाँचा कार्यालय तथा वेबसाइट www.csinawalparasi.lumbini.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

- (थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.)को फोन नं.०७-८५-५२०१६९ वा उद्यम विकास सहजकर्ता श्री मनोज कुमार चौधरी (९८०४४८४३१५) लाई सम्पर्क गर्न सकिनेछ।

वरिष्ठ उद्योग अधिकृत
घरेलु तथा साना उद्योग कार्यालय,नवलपरासी(ब.सु.प.)

२०८२/०८/१६
मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)